# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## ६९ औं सहकारी दिवसको शुभकामना सन्देश

**"उद्यमशीलता र पारदर्शिताःसहकारीको प्राथमिकता"** भन्ने नारा सहित आज देशैभरी मनाउन लागिएको ६९औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा सम्पूर्ण सहकारीकर्मी, सहकारी अभियन्ता र सहकारीमा संलग्न दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यस अवसरमा हामी सबै मिलेर सहकारीलाई अझ विश्वासिलो,मर्यादित र दिगो बनाउने प्रण गरौं । सहकारी केवल संस्था मात्र होईन यो त **"एकका लागि सबै र सबैका लागि एक"** भन्ने भावनाले ओतप्रोत भएको जीवन्त अभियान हो। पारस्परिक विश्वासका साथ समाजमा आर्थिक सामाजिक न्याय स्थापना गर्ने सहकारीको मर्म आजको समयमा अझ बढी सान्दर्भिक बनेको छ । सहकारी संस्थाहरु पारदर्शिता, उत्तरदायित्व र शुसासनका आधारमा मर्यादित तथा अनुशासितरुपमा सन्चालन गरिनुपर्छ। निम्न आय भएका किसान, श्रमिक र मजदुरको समुदायभित्रकै पूँजी परिचालनमार्फत आर्थिक संकट टार्ने, उद्यमशीलता विकास गर्ने अनि बचतको संस्कृति मार्फत आर्थिक उपार्जनमा मद्दत गर्ने सहकारी क्षेत्रको अभियान अनि योगदान प्रशंसनीय छ ।

मुलुकको दिगो विकास, रोजगारी सिर्जना,उत्पादन वृद्धि तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहकारी क्षेत्रको भूमिका अत्यन्त महत्त्वपूर्ण रहदैं आएको छ ।

अन्त्यमा, सहकारीका मुल्य,मान्यता र शिद्घान्तलाई अक्षरसः पालना गर्दै मर्यादित र सुशासित सहकारी अभियान निर्माणमा लाग्न सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

**२०८२ साल चैत्र २० गते, शुक्रबार**
**ने.सं. ११४६ चौलागाः पारु**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**